**नेपाली / *NEPALI***

बाट: कुलाधिपति Rebecca Blank

विषय: कृपया पढ्नुहोला: क्याम्पस परिचालनहरूमा थप बदल

विद्यार्थी, संकाय र कर्मचारीहरू,

हाम्रो क्याम्पसले तीव्र रूपमा बदलिरहेको *COVID-19* विश्वव्यापी महामारीको फैलने क्रम र यसको प्रभावहरू कम गर्ने जनस्वास्थ्य मार्गदर्शनहरूको निगरानी गरिरहेको छ।

हामीले बुझेका छौँ कि क्याम्पसको तहमा हामीले चलाएका कदमहरू बाबजुद, *COVID-19* ले हामी एकअर्कालाई शैक्षिक, व्यावसायिक र व्यक्तिगत रूपमा कस्तो असर पार्दछ भन्ने बारे चिन्ता बढ्दै छ।

बितेका केही दिनहरूमा, तपाईँले ठूला कार्यक्रमहरू र जमघट सम्बन्धित नयाँ मार्गदर्शनहरू सुन्नुभएको होला। हिजो, गभर्नर *Evers* ले विस्कन्सिनमा ५० जना भन्दा बढीको जमघटहरू निषेघ गर्नुभयो, र *White House* ले अझ कडा मार्गदर्शन जारी गऱ्यो।

हालसालका यी घोषणाहरू विचारमा राख्दै, हामीले बाँकी सेमेस्टरको लागि थप कदमहरू चाल्ने निर्णय गरेका छौँ:

- मार्च २३ देखि वसन्त सेमेस्टरको अन्त्यसम्म, हामीले कक्षाहरूको वैकल्पिक शिक्षण प्रदान गर्नेछौँ, जसमा अन्तिम परीक्षाहरू पनि समावेश हुनेछन्। विद्यार्थीहरूले योजना पुरा भएपछि शिक्षणको बारेमा जानकारी पाउनेछन्।

- थप रूपमा, वसन्त ब्रेकको लागि *Madison* बाट टाढा यात्रा गर्ने छनौट गर्नेहरूलाई *Madison* नफर्कन र उनीहरूको स्थायी बसोबास स्थानबाट सेमेस्टर जारी राख्न सल्लाह दिँदछौँ।

  आवास हलहरूका विद्यार्थीहरू जो घर फर्कन सक्दैनन् वा अन्यत्रबाट वैकल्पिक शिक्षणको पहुँच गर्न असक्षम छन्, उनीहरू आवास हलहरूमा रहन सक्दछन्। सीमित भोजन सेवाहरू खुला रहनेछन्। (निवासीहरूले छिट्टै नै युनिभर्सिटी हाउजिङ्गबाट थप एउटा सन्देश पाउनेछन्।)

- गत सोमवार, मार्च १६ बाट सबै युनिटहरूलाई सम्भव कर्मचारीहहरूलाई *teleworking* मा सार्न आग्रह गरिएको थियो। मार्च १८ बाट सुरु हुने गरी, क्याम्पसले *telecommuting* बाट प्रदान गर्न नमिल्ने आवश्यक सेवाहरूका *(essential services)* लागि आवश्यक कर्मचारीहरूलाई (जसमा *graduate* विद्यार्थी कर्मचारीहरू पनि समावेश छन्) मात्र भौतिक रूपमा उपस्थित हुन कदमहरू चाल्नेछ। थप सूचना नआएसम्म यो प्रभावमा रहनेछ। *Telecommute* गर्न असक्षम र आवश्यक सेवाहरूमा संलग्न नभएका कर्मचारीहरूले बिदा चलाउन योग्य हुनेछन्।

- आवश्यक सेवाहरूमा जनसुरक्षा, शैक्षिक कक्षा शिक्षण र विद्यार्थी समर्थन, भर्ना, नयाँ र भर्ना भएका विद्यार्थीहरूलाई आर्थिक सहायता, केही अनुसन्धान गतिविधिहरू र सम्बन्धित पशु हेरचाह, युनिभर्सिटी हाउजिउङ्ग, सञ्चार साथै मुख्य प्रशासनिक र परिसर सेवाहरू समावेश छन्।

बिरामी, आफैँलाई क्वारेन्टाइनमा राखेका, चाइल्डकेयर आवश्यकता, वा गैर-आवश्यक कार्यमा कार्यरत र *telecommute* गर्न असक्षम भएका कारणले काममा आउन नसक्ने कर्मचारीहरूलाई सम्बोधन गर्दै, मंगलवार बिहान एक कर्मचारी बिदा नीति साझा गरिएको थियो। हामी हालको बिदा नीति बाहेक यी कर्मचारीहरूको बिदाको लागि ८० घण्टा सम्मको कोष प्रदान गर्दैछौँ।

हामी बुझ्दछौँ कि यो अपडेटल थप प्रश्नहरू लिएर आउनेछ। हाउजिङ्ग निवासी, अभिभावक, प्रशिक्षक र अनुसन्धानकर्ताहरूका विशेष समुदायहरूलाई आवश्यक हुन सक्ने थप जानकारी हामी साझा गर्नेछौँ।

यदि तपाईँ यस अपडेटको प्रतिक्रियाको रूपमा *Madison* बाट टाढा यात्रा गर्ने निर्णय गर्नुहुन्छ भने, हामी तपाईँलाई तपाईंको स्वास्थ्य र सुरक्षाको लागि उत्तम निर्णय लिन प्रोत्साहन दिँदछौँ। *CDC* का मार्गदर्शनहरू विचार गर्नुहोला र तपाईँले यात्रा गर्नुहुने स्थानको अवस्था बुझ्नुहोला।

*Terrace* का कुर्सीहरू, *Bascom* को घमाइला दिनहरू र *UW-Madison* मा वसन्त ऋतुलाई विशेष बनाउने सबै कार्यक्रमहरूको आशा राखेका विद्यार्थी र कर्मचारीहरूको निराशा मैले बुझेको छु। यस्तो सेमेस्टर हामी कसैले पनि चाहेका थिएनौँ।

म विशेष गरी आफ्नो अध्ययन पुरा गर्नेहरूको निराशालाई बुझ्दछु, जसको अन्तिम सेमेस्टरमा यस अभूतपूर्व अवस्थाले प्रभाव पारेको छ। निकट भविष्यमा हामी *Commencement* को योजनाहरूको बारेमा थप जानकारी साझा गर्नेछौँ।

यस अवस्था तीव्र रूपमा बदलिरहेको छ, र हामी अपडेटहरू आउने बित्तिकै प्रदान गर्नेछौँ।

यदि यो सन्देशले तपाईँको अवस्था सम्बन्धित प्रश्नहरू उठाउँदछ जसको covid19.wisc.edu वेबसाईटको *FAQ* मा, वा क्याम्पसको आगामी सन्देशमा सम्बोधन गरिएको छैन भने, तपाईँले chancellor@wisc.edu मा ईमेल वा (608) 263-2400 मा फोन गर्न सक्नुहुन्छ।

स्वस्थ रहनुहोला,

कुलाधिपति Rebecca Blank